# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, मकवानपुर, माघ ०६ गते, २०७८ साल (सङ्ख्या २३


## भाग ३

प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

### कोभिड १९ व्यवस्थापन प्रदेश निर्देशक समिति गठन

१. **कोभिड १९ व्यवस्थापन प्रदेश निर्देशक समिति गठनः** प्रदेशस्तरमा कोभिड १९ को रोकथाम, नियन्त्रण, निदान र उपचार सम्बन्धी कामलाई सहज, छिटो छरितो र प्रभावकारी बनाउन संघीय सरकारले बनाएको कोभिड १९ व्यवस्थापन आदेश, २०७८ को दफा १२ बमोजिम मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सरकारले निर्णय गरे बमोजिमको प्रदेश निर्देशक समिति रहने व्यवस्था

भएको हुँदा सो प्रावधान बमोजिम बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८।०९।२७ को निर्णयानुसार देहाय बमोजिमको कोभिड १९ व्यवस्थापन प्रदेश निर्देशक समिति गठन गरिएको छः-

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री | -अध्यक्ष |
| (ख) | मन्त्री, स्वास्थ्य मन्त्रालय | -सदस्य |
| (ग) | मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| (घ) | मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (ङ) | मन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य |
| (च) | मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय | -सदस्य |
| (छ) | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ज) | सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (झ) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| (ञ) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (ट) | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य |
| (ठ) | सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | -सदस्य |
| (ड) | सचिव, स्वास्थ्य मन्त्रालय | -सदस्य |
| (ढ) | बाहिनीपति, नेपाली सेना, बागमती प्रदेश | -सदस्य |

(ण) प्रहरी नायब महानिरीक्षक, नेपाल प्रहरी, बागमती प्रदेश -सदस्य

(त) सशस्त्र प्रहरी नायब महानिरीक्षक, सशस्त्र प्रहरी वल नेपाल, बागमती प्रदेश -सदस्य

(थ) प्रमुख, राष्ट्रिय अनुसन्धान कार्यालय, बागमती प्रदेश -सदस्य

(द) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य-सचिव

२. **सदस्य आमन्त्रण गर्न सक्ने**ः कोभिड १९ व्यवस्थापन प्रदेश निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार विज्ञ वा अन्य व्यक्तिलाई सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ।

३. **कोभिड १९ व्यवस्थापन प्रदेश निर्देशक समितिको बैठकको कार्यविधि र सचिवालयः** कोभिड १९ व्यवस्थापन प्रदेश निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ र सो समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशमा रहनेछ।

४. **कोभिड १९ व्यवस्थापन प्रदेश निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) कोभिड १९ व्यवस्थापन प्रदेश निर्देशक समितिको काम, कर्तव्य र अधिकार संघीय कोभिड १९ व्यवस्थापन आदेश, २०७८ को दफा १२ को उपदफा (२) बमोजिम हुनेछ।

(२) उपदफा (१) को अतिरिक्त कोभिड १९ व्यवस्थापन प्रदेश निर्देशक समितिको काम, कर्तव्य र अधिकार प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

**आज्ञाले,**

**बद्री बहादुर खड्का**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रु. ५।-